# राष्ट्रिय उत्कृष्टताका केन्द्रहरु सम्बन्धी मापदण्ड, २०७९

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

# राष्ट्रिय उत्कृष्टताको केन्द्र सम्बन्धी मापदण्ड, २०७९

**प्रस्तावना:** देशमा विज्ञान, प्रविधि तथा इन्जिनियरीङ्ग विषयको अनुसन्धान र नवप्रवर्तनको क्षेत्रमा उच्चतम नतिजा हासिल गरेका विश्वविद्यालय अन्तरगतका अनुसन्धान संस्था/विभाग/केन्द्र वा सार्वजनिक अनुसन्धान निकाय वा मुनाफा वितरण नगर्ने गैर सरकारी संस्थालाई थप श्रोत सम्पन्न गराई सम्बन्धित विषयको राष्ट्रिय उत्कृष्टताका केन्द्रहरुको रुपमा पहिचान एवं स्तरोन्नती गर्ने योजना नेपाल सरकार बाट जारी राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति - २०७६ मार्फत प्रतिविम्वित भएकोले विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "**राष्ट्रिय उत्कृष्टताका केन्द्रहरु सम्बन्धी मापदण्ड, २०७९**" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "राष्ट्रिय उत्कृष्टताको केन्द्र" भन्नाले कुनै एक विशेषज्ञ क्षेत्रमा अनुसन्धान, नवीनता वा सिकाइको राष्ट्रिय स्तरको अद्वितीय आवश्यकता र क्षमताहरूले सुसंगत रहेको भनि यस मापदण्ड बमोजिम उच्चतम अंक प्राप्त गर्ने संस्था भनि सम्झनु पर्दछ र यस्ता संस्था एक वा एक भन्दा बढी हुन सक्नेछन् । राष्ट्रिय उत्कृष्टताको केन्द्रलाई अंग्रेजिमा National Center of Excellence (NCE) भनिने छ ।

(ख) "निवेदक संस्था" भन्नाले यस कार्यविधिमा तोकिएको शर्त बमोजिम प्रतिष्पर्धामा भाग लिनको निम्ति निवेदन दिएका विश्वविद्यालय अन्तरगतका अनुसन्धान संस्था/विभाग/केन्द्र वा सार्वजनिक अनुसन्धान निकायहरु वा मुनाफा वितरण नगर्ने गैर सरकारी अनुसन्धान संस्थाहरुलाई सम्झनु पर्छ । अनुसन्धान र

नवप्रवर्तन प्रवर्द्धन गर्न कुनै एक संस्थाको नेत्रित्व मानि समान विषयमा सह-अस्तित्वको नीति अंगिकार गरी अनुसन्धान र विकासको कार्यहरु गर्दैगरेका संस्थाहरुलाई एकमुष्ठ एक निवेदक संस्थाको रुपमा पनि सम्झन सकिनेछ । माथि उल्लेखित सबै संस्थाहरु निवेदन दिनु पुर्व विज्ञान/प्रविधि/इन्जिनियरिङ्ग विषयमा नवीनतम् खोज, आविष्कार र नवप्रवर्तनको कार्यमा सकृय रहेको हुनुपर्नेछ ।

(ग) "अनुसन्धानवृत्ति" भन्नाले यस कार्यविधि बमोजिम "राष्ट्रिय उत्कृष्टताको केन्द्र" भनि छनौट भएका संस्थाहरुलाई सिफारिस समितिले सिफारिस गरेको वार्षिक रकम भनि सम्झनु पर्दछ । यस्तो रकम एक संस्थालाई एक आर्थिक वर्ष मा बढीमा दुई पटक निकासा दिन सकिने छ।

(घ) "प्रमाणपत्र" भन्नाले यस कार्यविधी बमोजिम छनौट भएका संस्थाहरुलाई कम्तिमा २.५ वर्षको निम्ति राष्ट्रिय उत्कृष्टताको केन्द्र भनि मान्यता प्रदान भएको प्रमाणित गर्ने कागजातलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय भनि सम्झनु पर्छ ।

(च) "प्राविधिक सेवा" भन्नाले निजामती सेवा अन्तरगत नेपाल ईन्जिनियरिङ्ग, नेपाल स्वास्थ्य, नेपाल वन, नेपाल कृषि सेवा भनि सम्झनु पर्नेछ ।

३. <u>उद्देश्य</u>: (१) राष्ट्रिय उत्कृष्टताका केन्द्रहरुको प्रमुख उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) नवप्रवर्तन तथा नविनतम प्रविधि वा वस्तु विकास र त्यसको बजारीकरण ।

(२) राष्ट्रिय उत्कृष्टताका केन्द्रको अन्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिमा उल्लेखित प्राथमिकताका क्षेत्रहरुमा विशेष ध्यान केन्द्रित गरी विशिष्ट क्षेत्र वा विधामा उच्च गुणस्तरीय अनुसन्धान सञ्चालन गर्ने ।

(ख) अनुसन्धानका उपलब्धीहरुलाई प्रकाशन गर्ने, बौद्धिक सम्पत्ति अधिकारको लागि प्रयत्न गर्ने र तिलाई समाजिक समस्याहरु समाधान र उद्यमशीलता अभिवृद्धिको दिशामा रूपान्तरण गर्ने ।

(ग) अनुसन्धान गरिएको प्रविधिमा अधारीत उद्यमशीलता विकासको लागि मेन्टरिङ/उद्यमशीलता/व्यवसायीकता सेल विकास गरी सो विषयमा ज्ञान र सोध गर्न खोज्ने जोकोहि नागरिकको पहुच सुनिश्चत गर्ने ।

४. **कार्यक्रम** : (१) कार्यक्रममा नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी प्रचलित ऐन/नियम बमोजिम गठित विश्वविद्यालयहरु वा अन्तरगतका विभाग/केन्द्र/ईकाई, अनुसन्धान संस्था वा अन्तरगतका विभाग/केन्द्र/ईकाई र मुनाफा वितरण नगर्ने गैरसरकारी अनुसन्धान संस्थाहरु वा अन्तरगतका विभाग/केन्द्र/ईकाईहरु भाग लिन पाउनेछन् ।

(२) कार्यक्रमको समयावधि राष्ट्रिय उत्कृष्टताको केन्द्र भनि प्रमाणपत्र पाएको मितिले पाँच वर्षको हुनेछ । २.५ वर्षमा कार्यक्रमको मध्यकालीन मूल्याङ्कन हुनेछ । मध्यकालीन मूल्याङ्कनबाट प्रमाणपत्र स्थगन नगरिएका संस्थाहरु पाँच वर्षको अवधि सम्म राष्ट्रिय उत्कृष्टताको केन्द्रको रुपमा कायम रहने छन् । पाँच वर्ष सम्म राष्ट्रिय उत्कृष्टताको केन्द्र भनि कायम रहेका संस्थाहरुको अन्तिम मूल्याङ्कन हुनेछ ।

५. **सम्पर्क एकाइ रहने:** यस मापदण्ड बमोजिमका कृयाकलापहरु अगाडि बढाउन र सम्पर्कको रुपमा मन्त्रालयले कुनै एक महाशाखालाई जिम्मेवारी तोक्न सक्ने छ ।

६. **प्रकृया:** (१) यस मापदण्ड बमोजिमको कार्यक्रम संचालन देहाय बमोजिम हुनेछ :-

(क) पहिलो चरण (निवेदन माग, मुल्याङ्कन, प्रमाणपत्र प्रदान तथा वार्षिक प्रतिवेदन):

राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा ३५ दिनको समयावधी दिई निवेदन माग गर्ने । यसरी सूचना दिइएको अवधिमा यथेष्ठ निवेदन प्राप्त नभएमा पुनः १५ दिनको समयावधी दिई निवेदन माग गर्न सकिने । यस्ता निवेदन एक आर्थिक वर्षमा बढिमा दुई पटक आह्वान गर्न सकिने

। प्राप्त निवेदनहरुलाई मन्त्रालयको तोकिएको महाशाखाले न्यूनतम शर्त पूरा गरेको नगरेको अध्ययन गर्नेछ । सिफारिस समितिले मुल्याङ्कन समिति सिफारिस गर्नेछ । मुल्याङ्कन समितिले यसै मापदण्ड बमोजिम निवेदक संस्थाहरुको मुल्याङ्कन गरी प्राप्ताङ्क सहित सिफारिस समिति समक्ष प्रतिवेदन पेश गर्ने छ । मुल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन कम्तिमा पनि दुई स्वदेशी वा विदेशी विज्ञबाट पियर रिभ्यु (Peer Review) गराई प्रतिवेदन माग गर्नु पर्ने छ । पियर रिभ्यु प्रतिवेदन तथा मुल्याङ्कन समितिको प्रतिवेदनहरु अध्ययन गरी सिफारिस समितिले राष्ट्रिय उत्कृष्टताको केन्द्र हुने योग्य संस्थाहरु र तीलाई दिईने वार्षिक अनुसन्धानवृत्तिको निर्णय गरी स्विकृतिको निम्ति माननिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रिज्यू समक्ष पेश गर्नेछ । स्विकृती पश्चात त्यस्ता संस्थालाई प्रमाणपत्र प्रदान गरिने छ र सिफारिस भएको अनुसन्धानवृत्ति भुक्तानिको निम्ति प्रकृया अगाडि बढाइने छ । हरेक आर्थिक वर्षमा केन्द्रले वार्षिक अनुदान रकमको उपभोगको अवस्था तथा अन्य मन्त्रालयले तोकेका विवरणहरु पेश गर्नु पर्ने छ ।

(ख) <u>दोस्रो चरण (मध्यकालीन मूल्याङ्कन):</u>

राष्ट्रिय उत्कृष्टताका केन्द्रहरुको प्रमाणपत्र प्राप्त गरेको मितिले २.५ वर्ष पछि मध्यकालीन मूल्याङ्कन हुनेछ । मध्यकालीन मूल्याङ्कन प्रविधि विकास तथा व्यवसायीकता प्रवर्द्धनको प्रगतिमा केन्द्रित हुनेछ । मध्यकालिन मूल्याङ्कनमा अनुदान रकम थप गर्ने वा घटाउने वा प्रमाणपत्र स्थगन गर्ने निर्णय लिइनेछ ।

(ग) <u>तेस्रो चरण (अन्तिम मूल्याङ्कन):</u>

राष्ट्रिय उत्कृष्टताका केन्द्रहरुको प्रमाणपत्र प्राप्त गरेको मितिले ५ वर्ष पछि अन्तिम मूल्याङ्कन हुनेछ । अन्तिम मूल्याङ्कनमा सम्बन्धित राष्ट्रिय उत्कृष्टताको केन्द्रको प्रविधि तथा व्यवसायीकता विकासले समग्र समाजस्तरमा पारेको प्रभाव मुल्याङ्कन हुनेछ ।

७. **निवेदक संस्थाले पुरा गर्नु पर्ने शर्तः** (१) निवेदक संस्थाले देहाय बमोजिमको शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) यसै मापदण्डको अनुसूची १ बमोजिम पूर्ण निवेदन दिनु पर्ने ।

(ख) कम्तिमा ५ वर्ष देखि निरन्तर कुनै एक विधा वा विषय संग सम्बन्धित अनुसन्धानको कार्यमा संलग्न रहेको ।

(ग) हाल गर्दै गरेको अनुसन्धान कार्यको लागि यथेष्ट भौतिक पूर्वाधार, नवीन प्रयोगशाला/अनुसन्धान उपकरणहरु उपलब्ध रहेको ।

(घ) निवेदक संस्थामा यथेष्ठ अनुभवी अनुसन्धानकर्मी (कम्तिमा एक जना सम्बन्धित विषयमा कम्तिमा ५ वर्षको अनुसन्धान अनुभव भएको र कम्तिमा स्नाकोत्तर शैक्षिक योग्यता भएको), युवा अनुसन्धानकर्मीहरु तथा अन्य सहयोगी कर्मचारीहरु हुनुपर्ने छ । निवेदन संग संस्थाको उपल्लो निकायबाट सिफारिस भएको पत्र संलग्न हुनु पर्ने छ ।

(घ) निवेदक संस्थाको आगामि ५ वर्षको स्पष्ट अनुसन्धान, प्रविधि विकास तथा व्यवसायीकता प्रवर्धन योजना हुनु पर्ने छ ।

(ङ) निवेदन दिनु पूर्व निवेदक संस्था अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरको निकाय/विश्वविद्यालय/संस्थाहरू आदि सँग प्राविधिक/आर्थिक अनुदान वा आवद्धतामा संयुक्त अनुसन्धानको कार्य गरिरहेको वा बढीमा दुई वर्ष पहिले सम्युक्त अनुसन्धान गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कुनै एक शर्त पूरा नगर्ने निवेदकको निवेदन मन्त्रालयले रद्द गर्ने छ र सिफारिस वा मुल्याङ्कन समिति समक्ष पेश गर्न वाध्य हुने छैन ।

८. **सिफारिस समितिः** (१) राष्ट्रिय उत्कृष्ट केन्द्रहरु पहिचान एवं अनुसन्धानवृत्ति निर्कौल गर्न एक प्राप्त निवेदनहरुको मुल्याङ्कन गर्न तथा वार्षिक प्रगति अध्ययन गर्न एक सिफारिस समिति हुनेछ ।

(२) सिफारिस समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव (विज्ञान तथा प्रविधी), मन्त्रालय - संयोजक

(ख) नेपाल सरकारका प्राविधिक सेवा बाहेकका सहसचिवहरु मध्य मन्त्रालयबाट मनोनित एक जना -सदस्य

(ग) नेपाल सरकारका प्राविधिक सेवाका सहसचिवहरु मध्य मन्त्रालयबाट मनोनित एक जना -सदस्य

(घ) सार्वजनिक अनुसन्धान संस्थाहरुका बरिष्ठ बैज्ञानिकहरु वा गैरसरकारी अनुसन्धान संस्थाहरुका बरिष्ठ बैज्ञानिकहरु वा विश्वविद्यालयका प्राध्यापक/सहप्राध्यापकहरु मध्य मन्त्रालयबाट मनोनित दुई जना -सदस्य

(ङ) निजि क्षेत्रबाट मन्त्रालयले मनोनित गरेको विज्ञ प्रतिनिधि एक जना -सदस्य

(च) सहसचिव, मन्त्रालय -सदस्य सचिव

(३) सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) सिफारिस समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) मन्त्रालयले सिफारिस समितिको सहयोगको लागि एक अधिकृत स्तरको कर्मचारीलाई सहयोगी कर्मचारीको रुपमा खटाउन सक्नेछ ।

(६) सिफारिस समितिको बैठकमा भाग लिए बापत सदस्यहरु तथा सहयोगी कर्मचारीले नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(७) सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) देहाय बमोजिम मुल्याङ्कन समिति गठन गर्नेः

- सिफारिस समितिको सिफारिसमा विश्वविद्यालयका प्राध्यापक वा सहप्रध्यापकहरु मध्य मन्त्रालयबाट मनोनित एक जना – संयोजक
- सिफारिस समितिको सिफारिसमा सम्बन्धित विषय विज्ञहरु मध्य मन्त्रालयबाट मनोनित दुई जना - सदस्यहरु

मुल्याङ्कन समितिको सहयोगको लागि मन्त्रालयको एक अधिकृत सहयोगि कर्मचारीको रुपमा मन्त्रालयले खटाउन सक्ने छ ।

(ख) प्राप्त मुल्याङ्कन प्रतिवेदनलाई पियर रिभ्युको लागि पठाउने,

(ग) पियर रिभ्युयर (Peer Reviewer) हरु चयन गर्ने ।

(घ) पियर रिभ्यु तथा मुल्याङ्कन समितिले पेश गरेको प्रतिवेदनहरुको आधारमा राष्ट्रिय उत्कृष्टताको केन्द्रको प्रमाणपत्र तथा वार्षिक अनुसन्धानवृत्ति प्रदानको लागि सिफारिस गर्ने ।

(ङ) आवश्यक परे राष्ट्रिय उत्कृष्टताको केन्द्रहरुको वार्षिक प्रतिवेदनहरु अध्ययन गर्ने तथा प्रमाणपत्र प्राप्त संस्थाहरुलाई सुधारको लागि निर्देशन दिने ।

(च) मन्त्रालयले तोकेको अन्य कार्यहरु गर्ने ।

१०. <u>पहिलो चरणको छनौटः-</u> (१) निवेदन प्राप्त भए पश्चात पहिलो चरणको छनौटको आधारहरु बमोजिम मुल्याङ्कन समितिले संस्थाहरु र प्रदान गर्न सकिने वार्षिक अनुसन्धानवृत्ति रकम सिसिफारिस सहितको प्रतिवेदन सिफारिस समिति समक्ष पेश गर्ने छ ।

(२) सिफारिस समितिले मुल्याकन समितिबाट प्राप्त प्रतिवेदन पियर रिभ्युको लागि स्वदेशी वा विदेशी विज्ञ समक्ष पठाउने छ । यौटा प्रतिवेदनलाई कम्तिमापनि दुई विज्ञबाट पियर रिभ्यु गराउनु पर्ने छ ।

(३) मुल्याङ्कन समिति तथा पियर रिभ्यु प्रतिवेदनको आधारमा सिफारिस समितिले राष्ट्रिय उत्कृष्टताको केन्द्र भनि प्रमाणपत्र दिन योग्य संस्थाहरु तथा वार्षिक दिन सकिने

अनुसन्धानवृत्ति खुलाई माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रिज्यू समक्ष स्विकृतीको निम्ति पेश गर्ने छ ।

(४) मन्त्रुज्यूको स्विकृती पश्चात निवेदक संस्थाले अनुसूची – ३ बमोजिमको प्रमाणपत्र प्राप्त गर्नेछन् ।

११. **संस्थाको दायीत्वः** (१) राष्ट्रिय उत्कृष्टताको केन्द्र भनि प्रमाणपत्र प्राप्त गरे पश्चात संस्थाहरुको मन्त्रालय प्रतिको दायीत्व देहाय बमोजिम हुनेछ ।

(१.१) वार्षिक प्रतिवेदनको रुपमा आ.व. सकिनु भन्दा १५ दिन पहिलेनै प्रमाणपत्र प्राप्त केन्द्रहरुले वित्तिय प्रगति एवं भौतिक प्रगति मन्त्रालयमा बुझाउनु पर्ने छ ।

(१.२) संस्थाको दृर्धकालिन उद्देश्य बमोजिम अनुसन्धान एवं समाजमा प्रविधि प्रवर्धनको कार्यहरु अगाडि बढाउने ।

(१.३) केन्द्रमा सबै नेपाली नागरिकको सिकाई र अनुसन्धानको पहुच सुनिश्चित गर्ने ।

(१.४) अनुसूची – ४ बमोजिमको स्वंय मुल्याङ्कन गरी अङ्कसहित वार्षिक प्रतिवेदन संग पेश गर्ने ।

(१.५) सिफारिस समितिले तोकेका अन्य सूचनाहरु मन्त्रालयमा पठाउने ।

(१.६) सिफारिस समितिले दिएको निर्देशनहरु पालना गर्ने ।

१२. <u>दोस्रो चरण (मध्यकालीन मूल्याङ्कन) का आधारहरुः</u> (१) मध्यकालिन मूल्याङ्कनको निम्ति सिफारिस समितिले ९(क) बमोजिम मध्यकालीन मूल्याङ्कन समिति गठन गर्ने छ ।

(२) मुल्याङ्कनका अधार अनुसूची ४ बमोजिम हुनेछ ।कुल १०० पूणाङ्कमा ६० अङ्क भन्दा कम अंक आउने संस्थाको प्रमाणपत्र खारेज गर्न सिफारिस गर्न सकिने, ६० देखि ७० अङ्क ल्याउने संस्थाको अनुसन्धानवृत्ति रकम बढिमा २५% ले घटाउन सिफारिस गर्न सकिने; ७० अङ्क भन्दा माथि ८० अङ्क सम्म प्राप्त गरेका संस्थाहरुको अनुसन्धानवृत्ति यथाअवस्थामा राख्न

सिफारिस गर्न सकिने, ८० अङ्क भन्दा बढी अङ्क प्राप्त भए साविक प्राप्त हुने रकमको बढीमा वार्षिक २५% ले अनुसन्धानवृत्ति वृद्धि गर्ने भनि सिफारिसगर्न सकिने ।

(३) मुल्याङ्कन समितिले दिएको प्रतिवेदन सिफारिस समितिले कम्तिमा दुई जना राष्ट्रिय वा अन्तराष्ट्रिय विज्ञहरुबाट पियर रिभ्यु गराई प्रतिवेदन पेश गर्न गराउनु पर्ने छ ।

(४) मध्यकालिन मूल्याङ्कन प्रतिवेदन तथा पियर रिभ्यु प्रतिवेदनको आधारमा प्रमाणपत्र स्थगंन वा अनुसन्धानवृत्तिको हेरफेरको निम्ति सिफारिस समितिले निर्णले लिई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री समक्ष स्विकृतीको लागि पेश गरिने छ ।

(५) मुल्याङ्कन समितिको बैठकमा भाग लिए बापत सदस्यहरु, तथा सहयोगी कर्मचारीले नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्। विदेशी विज्ञको परिश्रमिक मन्त्रालले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>तेस्रो चरण (अन्तिम मूल्याङ्कन)</u>: (१) अन्तिम मूल्याङ्कनको निम्ति सीफारिस समितिले कम्तिमा ६०% गैर प्राविधिक तथा ४०% प्राविधिकहरु सम्मिलित एक मुल्याङ्कन समिति गठन गर्न सक्ने छ । यस्तो अन्तिम मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन स्वदेशि वा विदेशी एक प्राविधिक र एक समाजशात्री वा अर्थविधबाट पियर रिभ्यु गराउनु पर्ने छ । तेस्रो चरणको मुल्याङ्कनको आधार सिफारिस समितिले तय गर्न सक्ने छ ।

१४. <u>अनुसन्धानवृत्ति रकम उपलब्ध गराउने</u>: (१) मन्त्रालयले पहिलो चरणमा छनौट गरी प्रमाणपत्र उपलब्ध गराउने भनि निर्णय गरेका सबै निवेदक संस्थालाई प्रमाणपत्र प्रदान हुने वर्ष नियौंल भएको अनुसन्धानवृत्ति रकम उपलब्ध गराउने छ । हरेक आर्थिक वर्षमा बजेटको सिमा नघटेको खण्डमा सिफारिस समितिले सिफारिस गरेको रकम राष्ट्रिय उत्कृष्टताको केन्द्र भनि प्रमाणपत्र पाएको मितिले मध्यकालीन मूल्याङ्कन सम्म उपलब्ध गराइने । मन्त्रालयले सो प्रायोजनको लागि वार्षिक बजेटबाट श्रोत सुनिश्चित गर्न प्रयास गर्नेछ ।

(२) नेपाल सरकार अर्थ मन्त्रालयबाट कुनै विशेष कारणवस सो बजेट सुनिश्चित हुन वा बजेट उपलब्ध हुन नसके मन्त्रालयले अनुसन्धानवृत्ति भनि प्रदान गर्ने भनिएको रकम सम्बन्धित संस्थालाई उपलब्ध गराउन असमर्थ हुनेछ । रकम उपलब्ध गराउन नसकेपनि प्रमाणपत्र यथावत रहनेछ र त्यस पछिको आर्थिक वर्ष मा पुनः श्रोत सुनिश्चितताको लागि मन्त्रालयले पहल गर्नेछ ।

(३) नियमित श्रोत सुनिश्चितताको प्रत्याभून नभई मन्त्रालयले थप उत्कृष्टताको केन्द्रहरुको लागि निवेदन आह्वान गर्ने छैन । हाललाई कार्यक्रम सुरु भएको ५ वर्षको लागि कम्तिमा १० उत्कृष्टताको केन्द्रहरु पहिचान एवं स्तरोन्नतीको लक्ष्य लिइएको छ ।

(४) अनुसन्धान वृत्ति प्राप्त गर्ने संस्थाहरुको लेखा परिक्षण प्रचलित कानून बमोजिम गराउनु पर्ने सम्बन्धित संस्थाको दायीत्व भित्र पर्नेछ ।

१६. __छनौटको जानकारी:__ माननिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रिज्यूबाट स्विकृत भए पश्चात सबै चरणका मुल्याङ्कनको नतिजाहरु निवेदक संस्थाहरुलाई जानकारीको लागि यस कार्यक्रम संग सम्बन्धित सबै सूचनाहरु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाईट www.moest.gov.np मा प्रकाशित गर्नु पर्ने छ ।

१७. __भुक्तानी दिने:__ (१) सिफारिस समितिको सिफारिस र माननीय मन्त्रिज्यूको स्विकृति पश्चात रकम दाखिला प्रकृया सुरु हुनेछ ।

(२) एक आ.व. मा बढीमा दुई पटक गरी त्यस्तो रकम सम्बन्धित संस्थाको बैङ्क खातामा दाखिला गरिने छ ।

(३) दाखिला भएको रकम सम्बन्धित संस्थाले भौतिक पूर्वाधार बाहेक सबै अन्य कामको लागि खर्च गर्नेछ । (उदाहरणको लागि केमिकल्स तथा ग्लासवेयर्स खरिद गर्न, नयाँ अनुसन्धानकर्मिहरुको पारिश्रमिक वापत, प्रत्यायन खर्च, बौद्धिक सम्पत्ति अधिकार प्राप्तिको

लागि लाग्ने खर्च, फिल्ड कार्यको लागि लाग्ने खर्च, स्वदेशी वा वैदेशिक सेमिनार वर्कशपमा जान, प्रयोगशाला उपकरणहरु खरिद गर्न, आदि)

(४) १७(३) मा उल्लेख मन्त्रालयले उपलब्ध गराउने रकमको १५% ले नबढ्ने गरी मात्र पारिश्रमिक वापतमा खर्च गर्न पाइने छ ।

(५) छनौट नभएका निवेदक संस्थाहरुलाई कुनै पनि रकम उपलब्ध गराउन मन्त्रालय बाध्य हुने छैन ।

१७. <u>अनुसन्धानवृत्ति नदिइने:</u> (१) एकै योजनामा नेपाल सरकारको अन्य श्रोतबाट अनुसन्धानवृत्ति उपलब्ध भएको खण्डमा यस मापदण्ड बमोजिम अनुसन्धानवृत्ति उपलब्ध गराउन मन्त्रालय वाध्य हुने छैन ।

(२) यस कार्यक्रममा अनुसन्धानवृत्ति पाउनको निम्ति सम्बन्धित निवेदक संस्थाले प्रस्तुत गरेको योजना वा प्रोजेक्ट डकुमेन्ट आदि नेपाल सरकारका अन्य कुनै निकाय बाट आर्थिक सहायता लिनको लागि पनि प्रयोग भएको भनि लिखित उजुरी प्राप्त भएमा र अनुसन्धानको क्रममा सो पुष्टि गर्ने प्रमाण प्राप्त भएमा त्यस्तो संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गरी रकम असुल उपर गरिनेछ । यस्तो उजुरीको छानविन सिफारिस समितिले गर्ने छ ।

१८. <u>बाझिएमा अमान्य हुने:</u> यस मापदण्ड लेखिएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

अनुसूची-१

(दफा ७ को उपदफा (१)क सँग सम्बन्धित)

**<u>निवेदनको ढाँचा</u>**

| | | |
|---|---|---|
| १ | अनुसन्धान संस्थाको नामः | |
| २ | ठेगानाः | |
| ३ | सम्पर्क टेलिफोन नंः | |
| ४ | ई-मेलः | |
| ५ | प्रमुख सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः | |
| ६ | दोस्रो सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः | |
| ७ | Networks संस्थाहरु भए सबै संस्थाको नाम, ठेगाना, र प्रत्येक संस्थाबाट एक व्यक्तिको सम्पर्क नंः | |
| ८ | संस्थाको प्रमुख व्यक्तिको हस्ताक्षरः | |
| ९ | संस्थाको माथिल्लो निकायको नाम र ठेगाना | |
| १० | संस्थाले अनुसन्धान गर्ने विषयः | |
| ( १०.१ देखि १०.५ निवन्धको रुपमा आफ्नो संस्था वा अनुसन्धानको वारेमा लेख्दा पहिलो चरणका छनौटका आधारहरुको उत्तर आउने किसिमले लेख्न सिफारिस गरिन्छ ) | | |

| | |
|---|---|
| १०.१ | (हाल भैरहेको अनुसन्धान कार्य र संस्थाको हालसम्मको अनुसन्धान उपलब्धीहरुको वारेमा बढीमा ५०० शव्दमा वर्णन गर्ने) |
| १०.२ | (अनुसन्धानको दिर्धकालिन उद्देश्य वारेमा बढीमा ५०० शव्दमा वर्णन गर्ने) |

| | |
|---|---|
| १०.३ | (अनुसन्धानले समाजमा ल्याउन खोजिएको प्रतिफलको वारेमा बढीमा ५०० शव्दमा वर्णन गर्ने) |
| १०.४ | (राष्ट्रिय उत्कृष्टताकाको केन्द्र हुनको लागि अधारहरु ५०० शव्दमा वर्णन गर्ने) |

| | | |
|---|---|---|
| १०.५ | ( संस्थाले ५ वर्षमा अनुसन्धानको लागि कति रकम प्रक्षेपण गरेको छ, त्यसको श्रोतहरु के के हुन सक्नेछ, त्यसमा मन्त्रालय संग माग गरिएको ५ वर्षको लागि वार्षिक रकमहरु खोली बढीमा ५०० शव्दमा तथ्याङ्क पेश गर्ने ) | |
| ११ | संलग्न गर्नुपर्ने कागजातहरु (संलग्न गरी ☑ लगाउने) | |
| | (क) संस्थाको आधिकारीकता (दर्ता) | ☐ |
| | (ख) संस्थाको प्यान र करचुक्ता प्रमाणपत्र (सरकारी संस्थाहरु भए अघिल्लो मलेप प्रतिवेदन) | ☐ |
| | (ग) निवेदन फारम, निवन्धहरु सहित | ☐ |
| | (घ) संस्थामा रहेका सबै भौतिक संरचना सम्बन्धि विवरण ( १ पानामा समेटी संलग्न गर्ने ) | ☐ |
| | (ङ) संस्थामा रहेका सबै उपकरणहरुको विवरण ( १ पानामा समेटी संलग्न गर्ने ) | ☐ |
| | (च) संस्थामा रहेका सबै जनशक्ति सम्बन्धि विवरण ( १ पानामा समेटी संलग्न गर्ने) | ☐ |
| | (छ) संस्थाको उपल्लो निकायको सिफारिस पत्र | ☐ |
| | (ज) संस्थाको आगामि ५ वर्षको अनुसन्धान योजना (२ पानामा समेटि संलग्न गर्ने) | ☐ |

<table>
<tr><td rowspan="2">१२</td><td colspan="2">यस कार्यक्रमको लागि प्रस्तुत गरेको प्रोजेक्ट डकुमेन्ट तथा अन्य कागजात नेपाल सरकारबाट प्राप्त हुने कुनै श्रोतको प्राप्तको लागि हाल सम्म निवेदन नदिएको तथा दिएता पनि छनौट नभएको जानकारी गराउदछु । साथसाथै म/हामीले माथि पेश गरेको सबै विवरणहरु सहि हुन । झुट्टा हो रहेछ भने कानून बमोजिम सहुला, बुझाउला ।<br><br>संस्थाको प्रमुखको दस्तखत / मिति / संस्थाको छाप</td></tr>
<tr></tr>
<tr><td rowspan="4">१३</td><td colspan="2">मन्त्रालयको सम्पर्क व्यक्तिः (अनुसन्धानकर्मी मध्य कुनै एक हुनुपर्ने)</td></tr>
<tr><td>नामः</td><td></td></tr>
<tr><td>सम्पर्क नंः</td><td></td></tr>
<tr><td>ईमेलः</td><td></td></tr>
<tr><td>१४</td><td>संस्था प्रमुखको दस्तखत तथा संस्थाको छाप</td><td>आ.व. ..........................<br><br>संस्थाको प्रमुखको नामः<br>........................................................................<br><br>.......................................................<br>दस्तखत / मिति / संस्थाको छाप</td></tr>
</table>

**नोटः** यस मापदण्ड बमोजिम आवश्यक पर्ने सम्बन्धित कागजात पेश नगर्ने संस्थालाई सो कागजात वापतको अङ्क प्रदान गर्दा ० अंक प्रदान गरिने छ । मुल्याङ्कन वा सिफारिस समितिले मुल्याङ्कनको लागि स्थलगत निरीक्षण तथा थप कागजात माग गर्न सक्ने छ ।

## अनुसूची-३

(दफा ९(ख) सँग सम्बन्धित)

**पहिलो चरणका छनौटका आधारहरु: उत्तिर्ण हुन चाहिने अङ्क: ७५**

| क.सं. | शीर्षक | उपशीर्षक | कुल अङ्क |
|---|---|---|---|
| १. | अनुसन्धानका सेवाग्राही र क्षेत्र | सेवाग्राही पहिचान भएको छ ? | ४ × ५ = २० |
| | | सेवाग्राहीको समस्या पहिचान भएको छ ? सेवाग्राहीको फिडब्याक (feedbacks) लिइएको छ ? | |
| | | समस्या समाधानको लागि दिर्धकालिन अनुसन्धान योजना के हो ? | |
| | | संस्थाको अनुसन्धान राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ को प्राथमिकताका क्षेत्रहरु बमोजिम छन् छैन? | |
| २. | हालसम्मका अनुसन्धानको परिणामहरू | अनुसन्धानको उद्देश्यहरु र परिणामहरु स्पष्ट छन् ? | ४ × ५ = २० |
| | | के अनुसन्धानका परिणामहरु प्रकाशित भएका छन् ? (कस्ता जर्नल, पेपर मा ??) | |
| | | हालसम्मका अनुसन्धान परिणामहरुले कुनै उद्योग वा व्यवसायको उत्पादक्त्व वृद्धि मा केहि योगदान गरेको छ छैन ? | |
| | | के पेटेन्टको लागि निवेदन दिएका छन् ? दिएका छन् भने तीनको अवस्था के हो ? | |
| ३. | संगठन | संस्थाको नेत्रित्वम (उच्चतम वैज्ञानिकको विगत ५ वर्षको खोज, अनुसन्धान, प्रकाशहरु तथा निरन्तर सिकाईका प्रयासहरुको अवस्था ? | ४ × ५ = |
| | | के अनुसन्धानको योजना आगामि ५ वर्षको लागि स्पष्ट छन् ? माइलस्टोन्सहरु उपलब्ध छन् ? मापन गर्न बनाइएका इन्डिकेटर्स हरु उपलब्ध र स्पष्ट छन् ? | |

| | | | |
|---|---|---|---|
| | | संगठनमा उद्देश्य प्राप्तिको लागि चाहिने अन्य जनशक्ति, उपकरण र पूर्वाधारको अवस्था के छ? | २० |
| | | संगठन भित्रको सूचना/संचारको व्यवस्थापन (Internal Communication Mechanisms) कस्तो छ ? संस्थाको उद्देश्यहरु र योजनाहरु प्रति सबै अनुसन्धानकर्मी तथा कर्मचारीहरु स्पष्ट छन् । | |
| ४. | नवप्रवर्तन र सिकाई | संस्थाको हालको सिकाई विधी तथा अनुसन्धानमा केहि नवप्रवर्तन देखिन्छ ? | ४ × ५ = २० |
| | | प्रविधी ग्रहण (technology adaptation) मा नवप्रवर्तनको अवस्था के छ ? | |
| | | नवप्रवर्तनको लागि समान उद्देश्य बोकेका अन्य संस्थाहरु संगको सहकार्यको अवस्था ? संयुक्त अनुसन्धानको अवस्था ? | |
| | | नवप्रवर्तन तथा उद्यमशीलता प्रवद्धनको लागि कुनै केन्द्र/सेल खोलिएको छ । त्यस्तो केन्द्र/सेलमा आममानिसको पहुँच के छ ? प्रमाण ? | |
| ५. | आर्थिक पक्ष | के अनुसन्धान संस्था हालको अवस्थामा आर्थिक रुपले सबल छ ? | ४ × ५ = २० |
| | | के संस्थाको छुट्टै बैङ्क खाता संचालनमा छ? आर्थिक रुपमा संस्थाको स्वतन्त्रताको अवस्था के छ ? | |
| | | संस्थाको वार्षिक लेखा परिक्षण सम्पन्न छ ? बेरुजुको अवस्था के छ ? | |
| | | संस्थाले विगत ३ वर्षमा कति रकमको कारोवार भएको देखिन्छ ? संस्थाको खर्च गर्ने क्षमता को अवस्था के छ ? | |

## राष्ट्रिय उत्कृष्टताको केन्द्र सम्बन्धी मापदण्ड, २०७९

अनुसूची-३ : प्रमाणपत्रको नमुना

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

xyz अनुसन्धान केन्द्र
काठमाण्डौ

श्री ..................................
प्रमुख वैज्ञानिक

...................... क्षेत्रमा
नवप्रवर्तन तथा नविनतम प्रविधि विकासको

# राष्ट्रिय उत्कृष्टताको केन्द्र

को रुपमा यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र बहाल मिति

मिति .......... देखि ................ सम्म

सचिव | मन्त्री

# राष्ट्रिय उत्कृष्टताको केन्द्र सम्बन्धी मापदण्ड, २०७९

अनुसूची-४

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

**दोस्रो चरणका मुल्याङ्कन आधारहरु:**

| क्र.सं. | शिर्षक | उपशिर्षक | कुल अङ्क |
|---|---|---|---|
| १ | Innovation, Learning & Academic Achievement | Innovation | ५ |
| | | Accreditation / Standards | ५ |
| | | Academic Achievement | ५ |
| | | Collaboration / Partnership | ५ |
| २ | Leadership | Strategy | १० |
| | | Specialized Expertise | १० |
| ३ | Customer Focus | High Impact Research | १० |
| | | Quality Service | १० |
| ४ | Internal Business Process | Organization Structure | १० |
| | | Infrastructure | १० |
| ५ | Finance | Sustainable Funding / Financial Mechanism / Financial Freedom | २० |